नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ६ गते २०३४ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले साबिक भैरहेको केही अञ्चल एवं जिल्लाहरूको सीमाना एवं क्षेत्र देहायबमोजिम हेरफेर गरी नयाँ सीमाना कायम गरेको छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सीमाना हेरफेर

जिल्ला	गाभिन आउने गा.पं. वा क्षेत्र	पञ्चायत संख्या	कुन जिल्ला बाट गाभिन आउने	कैफियत
१. रामेछाप	७ वटा घर भएको दुधुले गाउँ समेत भएको भाग		सोलुखुम्बु	सोलुखुम्बु जिल्लाको भ–कान्जो गा.पं. मा गाभिन गएको ७ वटा घर भएको दुधुले गाउँ समेत भएको भाग पुनः रामेछाप गुम्देल गा. पं. मा गाभी पूर्ववत सीमाना कायम गरिएको ।
२. दोलखा	टोकरपुर गा.पं. र लखनपुर गा.पं. अन्तरगतका टेन्सिङ,ठूलो दार्खा, खार–पानी, पासेवन, काँडाबारी गोस्वारापातले र टचाङ्रे गाउँहरू		रामेछाप	दोलखा र रामेछाप जिल्लाको सीमाना सैलुङ लेख र मिलती खोला कायम गरिएको ।
३. दोलखा	जलजले गा. पं. वडा नं. ६ मध्यका खरीढुङ्गा गाउँ, खरीखोला गाउँ, रोल, दोबाटे, रोलचौर, बिरोटा,फोकटे र तीनघरे गाउँहरू		सिन्धुपाल्चोक	खरीढुङ्गा डाँडाको पानी ढलो प्राकृतिक सीमाना कायम गरिएको ।
४. दोलखा	टाँडी गाउँ	१	"	फेदा गाउँसंग मिलेको ५०।६० घर भएको टाँडी गाउँलाई भुसाफेदा गा. पं.मा गाभी डाँडाका पानी ढलो सीमाना कायम गरिएको ।

मुद्रण विभाग, सिंहदरबार

५. महोत्तरी	बलवासुकनाहा गा.पं. को वडा नं. ६ को जमुनिया गाउँ, मुतहा खजुरीया गा. पं. वडा नं. १ अन्तरगतको कर्तवाटोल र संग्रामपुर गा.पं.को वडा नं. १ अन्तरगतको रामपुर टोल		सर्लाही	बाँके नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको।
६. सिन्धुली	कटारी गा. पं. को मझुवा गाउँ		उदयपुर	कमला नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको।
७. धनुषा	हरिहरपुर हरिनभरी गा. पं. को वडा नं. ८ को दोहर गाउँ र सोही गा.पं. को वडा नं. ६ को गजडिया गाउँ समेत		महोत्तरी	बिगही नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको।
८. धनुषा	मंगाहा गा. पं. को वडा नं. ६ मा पर्ने बर्दारिया गाउँ		"	
९. सर्लाही	ब्रम्हपुरी गा. पं. को वडा नं. ६ मा पर्ने छनकी टोला, कटर वन गा. पं. को मोहनपुरन गाउँ र गंगा पिपरा गा.पं. को १, २, ३ र ४ नं. वडाको इनर्वा मेख गाउँ		रौतहट	वाग्मती नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. रौतहट	सेढवा गा. पं. को सेढवा गाउँ छटोल गा. पं. को १,२,३,४, र ५ नं. वडा को वखरी पकाहा र नयाँबास गाउँहरू तथा छटोल गा. पं. कै ६,७, ८, र ९ वडाहरू		सर्लाही	वाग्मती नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको ।
११. सर्लाही	बहादुरगञ्ज १.नं.गा. पं. को वडा नं. ९ अन्तर्गत पर्ने १२ नं. मौजार खैरमारा खोर गा.पं.को वडा नं. ७,८, ९ अन्तर्गतको घारी बथान गाउँहरू		महोत्तरी	बाँके नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको ।
१२. सर्लाही	महेन्द्र झयाडी गा.पं.को ५,६ नं. वडाको वनटोला डुमाजोर, केराबारी गाउँहरू		सिन्धुली	चुरे डाँडाको पानी ढलो दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको ।
१३. मुगु	लुडकु गा. पं. को लमेर र कोटीला गाउँहरू		जुम्ला	कालेका डेलेक दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको ।
१४. डडेल्धुरा	वेलापुर गा. पं. को दुलेनाको डाँडादेखि उत्तरको वडा नं. ७,९ को दुवके कोइराली माटेठाटा गाउँहरू बाहेक बाँकी सम्पूर्ण भाग		बैतडी	दुलेनाको डाँडाको पानी ढलो दुवै जिल्लाको सीमाना कायम गरिएको ।
१५. बैतडी	मोगेश्वर बोगटा गा. पं. को वडा नं. ८, ९ र कोटी गाउँ समेत		डडेल्धुरा	सुरनाथ नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको ।

१६. डडेल्धुरा र कञ्चनपुर जिल्ला बीचको सीमाना चुरियाको पानी ढलो कायम गरिएको छ ।

आज्ञाले–

सहायक रथी वीरेन्द्रप्रसाद शाह

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।